# स्थानीय राजपत्र

रत्ननगर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ संख्या १ मितिः २०७८।०७।१०

## भाग–२

## अस्थायी/करार कर्मचारी कल्याण कोष विनियमावली, २०७८

रत्ननगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

रत्ननगर, चितवन

बागमती प्रदेश, नेपाल

# अस्थायी/करार कर्मचारी कल्याण कोष विनियमावली, २०७८

नगर सभाबाट पारित मितिः २०७८।०१।१०

प्रमाणिकरण मितिः २०७८।०१।१०

रत्ननगर नगरपालिकाको कार्यालय चितवनका कर्मचारीहरुको लागि कर्मचारी कल्याण कोषको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ९१ ले दिएको अधिकार प्रयोग गरी रत्ननगर नगरपालिकाको नगरसभाले देहाएको विनियमावली बनाई लागू गरेको छ।

## परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यो विनियमावलीको नाम "रत्ननगर नगरपालिका नगरकार्यपालिका कार्यालयको करार कर्मचारी कल्याण कोष विनियमावली,२०७८" रहेको छ।

२) यो विनियमावली मिति २०७८ श्रावण १ गते देखि लागू हुनेछ।

२. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

क) "कोष" भन्नाले रत्ननगर नगरपालिका नगरकार्यपालिका कार्यालयका करार कर्मचारी कल्याणको लागि स्थापना गरेको कोष सम्झनु पर्दछ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ।

ग) "नगरपालिका" भन्नाले रत्ननगर नगरपालिका नगरकार्यपालिका कार्यालय, चितवनलाई सम्झनु पर्दछ।

घ) "नगर सभा " भन्नाले रत्ननगर नगरपालिका नगरसभा सम्झनु पर्दछ।

ङ) "सञ्चालक समिति" भन्नाले कोष सञ्चालनको लागि गठन भएको सञ्चालक समिति सम्झनु पर्दछ।

च) "कर्मचारी" भन्नाले यस अघि कार्यरत वा अन्य निकायबाट नियुक्त भई रत्ननगर नगरपालिकामा हाजिर भई कार्यरत र रत्ननगर नगरपालिकाबाट नियुक्त कर्मचारी सम्झनु पर्दछ।

छ) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेबाट सुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले रत्ननगर नगरपालिका प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले बोर्डले निर्णय गरी समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद–२

## कल्याण कोषको स्थापना र संचालन सम्बन्धी व्यवस्था

**३. कल्याण कोषको स्थापना**

१) स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ९१ को प्रयोजनको लागि रत्ननगर नगरपालिका अन्तर्गत करार कर्मचारी कल्याण कोष नामको एक कोष स्थापना गरिएको छ।

२) उपनियम (१) बमोजिमको कोषमा देहाए बमोजिमका रकमहरु रहनेछन्।

क) करार कर्मचारी कल्याण कोषको लागी हालसम्म छुट्याइएको रकम मध्ये हालसम्म मौज्दात रहेको सम्पुर्ण रकम,

ख) प्रत्येक महिना अस्थायी/करार कर्मचारीको तलवबाट कट्टा गरिने तलवको १० प्रतिशत वराबरको रकम, र सोही रकम बराबरको रत्ननगर नगरपालिका कार्यालयबाट उपलब्ध गराउने रकम,

ग) सदस्यता शुल्कबाट प्राप्त रकम,

घ) रत्ननगर नगरपालिकाबाट करार कोषलाई अनुदान स्वरुप प्राप्त रकम,

ङ) कोषको सञ्चित पूँजीलाई आय आर्जन कार्यमा परिचालन गरी त्यसबाट प्राप्त हुने रकम,

च) संघसंस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

छ) वैदेशिक सहयोग, सरकार, व्यक्ति वा निकायबाट प्राप्त हुने सहयोग रकम, तर यस्तो सहयोग प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु अनिवार्य हुनेछ।

३) उपनियम (२) बमोजिम कोषको जम्मा भएको रकम राष्ट्रिय वाणिज्य बैंक टांडी शाखामा अस्थायी/करार "कर्मचारी कल्याण कोष" नामक खाता खोली आर्थिक कारोवार सञ्चालन गरिनेछ।

४. **सदस्यताः**

१) रत्ननगर नगरपालिका कार्यलयबाट नियुक्त भई १ वर्ष अवधी भुक्तान गरेको कर्मचारी स्वतः "कर्मचारी कल्याण कोषको" सदस्य हुनेछन् । सदस्यता शुल्क रु ५०००।०० रहनेछ ।सदस्यता शुल्क वापतको रकम कर्मचारीले कल्याण कोषको खातामा जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ।

२) उपनियम (१) वमोजिम प्राप्त सदस्यता त्यस्तो कर्मचारी जुनसुकै कारणबाट सेवा निवृत्त भए तापनि सदस्यता समाप्त हुनेछ।

३) परियोजना तर्फका कर्मचारी यस विनियमावली बमोजिम करार "कर्मचारी कल्याण कोषको" सदस्य हुन पाउने छैनन्।

५. **खाता संचालनः** कोषको आर्थिक कारोवारका लागि राष्ट्रिय वाणिज्य बैंक टांडी शाखामा खाता खोली सोको सञ्चालन समितिका अध्यक्ष र सदस्य-सचिवको संयुक्त दस्तखतबाट हुनेछ।

६. **कोषको प्रयोगः** देहाय बमोजिमका कामको लागि कर्मचारी कल्याण कोषको रकम प्रयोग गर्न सकिनेछ।

क) कर्मचारीले उमेरको कारणले अवकाश पाएमा वा जुनसुकै तवरले नोकरीबाट अलग भएमा नियमावली अनुसार निजले उपदान पाउने रहेछ भने त्यस्तो उपदान वापत पाउने रकम,

ख) कर्मचारी वा निजका परिवारका आश्रित सदस्यलाई औषधोपचार गर्न' परेमा कर्मचारीको सञ्चित रकम मध्येबाट सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाको स्वीकृति बमोजिम उपलब्ध गराइने रकम,

ग) कर्मचारीका छोराछोरीलाई शिक्षा दिनको लागि सापटी चाहिएमा

कर्मचारीको सञ्चित रकम मध्येबाट सञ्चालक समितिको सिफारिसमा कार्यपालिकावाट स्वीकृत सापटी रकम,

घ) सेवामा वहाल रहँदै कुनै कर्मचारीको मृत्यु भएमा निजको परिवारलाई आर्थिक सहयोगको रुपमा सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृत गरेको आर्थिक सहायता बापतको एकमुष्ट रकम,

च) कुनै कर्मचारी वा निजको परिवारको कुनै सदस्यको मृत्यु भएमा सञ्चालक समितिको सिफारिसमा बोर्डले स्वीकृत गरेको दाहसंस्कार र किरिया खर्च वापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम उपलब्ध गराइनेछ।

छ) सेवामा बहाल रहँदै कुनै कर्मचारीको मृत्यु भएमा निजको परिवारले पाउने उपादान गणना गर्दा न.पा. बोर्डको निर्णय बमोजिम बढीमा ५ वर्ष थप सेवा अवधि जोडी पाउने उापदान बापतको रकम।

## परिच्छेद–३
## संचालक समितिको गठन र बैठक प्रकिया

**७. संचालक समिति**

१) कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनको लागि एक संचालक समिति रहने छ।

२) उपनियम (१) बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्

क) रत्ननगर नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

ख) रत्ननगर नगरपालिका कार्यालयको प्रशासन शाखा प्रमुख – सदस्य

ग) रत्ननगर नगरपालिका कार्यलयका आ.ले.प. शाखा प्रमुख – सदस्य

घ) रत्ननगर नगरपालिका कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य सचिव

८. **सञ्चालक समितिको बैठकः**

१) सञ्चालक समितिको बैठक महिनामा कम्तिमा एक पटक बस्नेछ। आवश्यकता अनुसार अन्य समयमा पनि बस्न सक्नेछ।

२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको समयमा रत्ननगर नगरपालिका कार्यालयमा बस्नेछ।

३) बैठकको निर्णय सामान्यतया सर्वसम्मत रुपमा गरिनेछ । यदि सर्वसम्मत रुपमा निर्णय हुन नसकेमा वहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिनेछ। कुनै विषयमा बहुमतबाट निर्णय हुन नसकी मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

९. **बैठकको गणपुरक संख्याः** कर्मचारी कल्याण कोष सञ्चालक समितिको जम्मा सदस्य संख्याको पचहत्तर प्रतिशत सदस्यको उपस्थिति नभई बैठकको गणपूरक संख्या पुगेको मानिने छैन।

१० **समितिको काम, कर्तव्य र अधिकारः** कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) बैठकबाट स्वीकृत निर्णय कार्यान्वयन गर्ने,

ख) रत्ननगर नगरपालिका कार्यालयका कार्यपालिका,नगर सभासँग सु–सम्बन्ध कायम राखी रत्ननगर नगरपालिका कार्यलयवाट कोषको लागि आर्थिक श्रोत जुटाउन प्रयास गर्ने,

ग) कोषको आय वृद्धि गर्न विविध कार्यक्रम सञ्चालन गर्ने,

घ) कोषका सदस्यहरुलाई समानताको आधारमा सुविधाहरु उपलब्ध गराउने,

ङ) कोषको सन्चित पुंजीलाई आय आर्जन कार्यमा उपर्युक्त तरिकाले परिचालन गर्ने,

च) आर्थिक कारोबारको लेखापरीक्षण गराउने,

११. **समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) बैठकको अध्यक्षता गर्ने,

ख) कोषका सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने,

ग) कोषका हरेक क्रियाकलापको जवाफदेहीता वहन गर्ने,

घ) बैठकमा मत वरावर भएमा निर्णायक मत दिने,

ङ) बैठकको निर्णय कार्यान्वयन गराउने,

(२) सदस्य–सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) कोषको कार्यालय सञ्चालन गर्ने,

ख) कोषको बैठकमा पेश गर्ने छलफलका विषयहरु अध्यक्षसँग परामर्श गरी तयार गर्ने,

ग) बैठकको निर्णय अभिलेखन गरी राख्ने,

घ) बैठकको निर्णय कार्यान्वयन गर्ने,

ङ) अध्यक्षको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने,

च) कोषको चल अचल सम्पत्तिको जिम्मा लिने र व्यवस्थापन गर्ने,

३) सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) समितिको बैठकमा भाग लिने,

ख) समितिको बैठक र कार्यहरुमा अन्य पदाधिकारीलाई सघाउने,

ग) अध्यक्षको आदेश अनुसार तोकिएका अन्य कार्यहरु गर्ने गराउने,

**१२. समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्वः**

१) कोष सञ्चालक समितिका सदस्यले यस विनियमावलीको उद्देश्य विपरित हुने गरी कोषको वितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैन।

२) उपविनियम (१) को प्रतिकुल हुने गरी काम गरेको प्रमणित भएमा त्यस्तो कार्यमा संलग्न समितिका सदस्यले पाउने सुविधा रकम जफत गरिनेछ।

३) कुनै कर्मचारीको खराब आचरण वा अन्य कुनै कारणले समितिले रोक्का गरी राखेको सुविधा वापतको रकम निजले आफ्नो आचरण

सुधार गरेको पाइएमा वा निज उपर लागेको अभियोगबाट सफाई पाएमा रोक्का रकम समेत फुकुवा गरी निजलाई एकमुष्ठ रुपमा सुविधा रकम समितिले उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद ४

## उपदान, आर्थिक सहयोग तथा ऋण सम्बन्धी व्यवस्था

१३. **उपदान पाउनेः**

१) यस विनियमावलीमा भएको व्यवस्था बमोजिम स्थानीय तहका अस्थायी/करार कर्मचारीले उपदान रकम पाउनेछन्।

२) उपनियम (१) को अतिरिक्त नगरपलिकामा कार्य गरी योगदान दिए वापत पाँच वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेका अस्थायी,करार कर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा स्थानीय तहको सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाईएमा वा अवकाश दिइएमा नगर सभाबाट यो विनियमावली स्वीकृत भए पछि उपदान उपलब्ध गराइनेछ। तर पाँच वर्ष भन्दा कम अवधिका लागि यो उपदान कोषमा निजवाट जम्मा भएको रकम मात्र उपलब्ध गराइने छ। पाँच वर्षभन्दा बढी समय नगरपालिका कार्यालय वा अन्तरगत काम गरी स्वेच्छिक वा नगरपालिकाको निर्णयले सेवाबाट अलग भएमा निजले मासिक जम्मा गरेको र सो बराबर नगरपालिकाबाट जम्मा भएको रकम उपलब्ध गराइने छ।यस विनियमावली लागू हुनुभन्दा पाँच वर्ष अगाडी देखि कार्यरत करार तथा अस्थायी कर्मचारीलाई तपसिल बमोजिमको थप उपदान उपलब्ध गराईने छ। पाँच वर्ष नपुगेका कर्मचारीहरुलाई यो सुविधा उपलब्ध हुने छैन।

क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित खाईपाई आएको आधा महिनाको तलब बरावरको रकम,

ख) दश वर्ष देखि पन्ध्र वर्षसम्म सेवा गरेको कर्मचारीले आफूले

काम गरेको प्रत्येक वर्षको निमित खाईपाई आएको एक महिनाको तलब वरावरको रकम,

ग) पन्ध्र वर्ष भन्दा माथी जति सुकै अवधि सम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाई आएको डेढ महिना तलब वरावरको रकम,

३) उपनियम (२)को अतिरिक्त साविक रत्ननगर नगरपालिका,पिठुवा तथा बछ्यौलि गा.वि.स. वाट नियुक्ति पाई अविच्छिन रुपमा उक्त स्थानिय निकायमा हाजिर भई विनियमावली स्वीकृत हुंदाको बखतसम्म कार्यरत कर्मचारीको हकमा साविकको निकाय वा अन्य निकाय वाट नियुक्ति लिइ हाजिर भए देखिको सेवा अवधि गणना गरी उपदान उपलब्ध गराइनेछ।

१४. **थप आर्थिक सहायता सम्बन्धी व्यवस्थाः** थप आर्थिक सहायता उपलब्ध गराउँदा देहाय बमोजिम गर्न' पर्नेछ।

क) सरकारी कामको सिलसिलामा चोटपटक लाग्न गई उपचार गराउनु परेमा जिल्ला अस्पतालको सिफारिसमा वा नेपाल अधिराज्य भित्र उपचार हुन नसकेको भनी मेडिकल बोर्डबाट सिफारिस भएको अवस्थामा निजलाई उपचार खर्चको लागि संचालक समितिको सिफारिसमा थप आर्थिक सहायता उपलब्ध गराउन सकिने छ।

ख) कर्मचारी सेवामा वहाल गरेको अवस्थामा कुनै पनि कारणबाट निजको मृत्यु भएमा निजको परिवारलाई अन्त्येष्टी खर्चका लागि निजले खाईपाई आएका सुरु तलवको डेढ महिना वरावरको रकम उपलब्ध गराईनेछ।

ग) तर, थप आर्थिक सहायता दिन मनासिव ठहऱ्याएको रकम थप आर्थिक सहायताको रुपमा दिन वाधा पर्ने छैन।

१५. **समितिको लेखा र लेखापरीक्षण :**

१) समितिले कोषको लेखा प्रचलित लेखा प्रणाली स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले तोकेको प्रंक्रिया तथा ढाँचामा राखिने छ।

२) उप नियम (१) बमोजिम राखिएको लेखाको आन्तरिक लेखा परिक्षण रत्ननगरपालिकाको आन्तरिक लेखापरिक्षण शाखाबाट र अन्तिम लेखापरिक्षण महालेखा परीक्षकको कार्यलयवाट हुने छ।

१६. **सुविधाबाट बन्चित गरिने अवस्थाः** देहायको अवस्थामा रत्ननगर नगरपलिकाका अस्थायी/करार कर्मचारीलाई पूरै वा आंशिक रुपमा कर्मचारी कल्याण कोष अर्न्तगत सञ्चालित कार्यक्रमबाट दिईने सुविधाबाट वञ्चित गर्न सकिनेछ :

क) रत्ननगर नगरपालिका कार्यालयलाई आँच पुर्‍याउने कार्य गरेको प्रमाणित भएमा,

ख) प्रचलित कानून विपरित काम गरेको प्रमाणित भएमा,

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

## परिच्छेद-५

## विविध

१७. **वीमा सम्बन्धी व्यवस्थाः**

१) रत्ननगर नगरपलिकाले आफ्ना अस्थायी/करार कर्मचारीको लागि नगरकार्यपालिकाबाट रु १००,०००।(एक लाख) वरावरको सावधिक जीवन वीमा गरिनेछ।

२) उप विनियम (१) बमोजिम वीमा गर्दा नगरपालिकावाट प्रिमीयम रु.२०० का दरले उपलव्ध गराईने छ। विमितले एकमुष्ट कल्याण कोषमा विमाको रकम समेत जम्मा गरेर आउनुपर्नेछ।

३) २० वर्ष सेवा अवधिलाई आधार मानि सम्बन्धीत कर्मचारीको तलवबाट बाँकी रकम व्योहोरिने छ।

४) यो विनियमावली प्रारम्भ हुनु भन्दा अगाडी कायम रहेको जीवन वीमामा सहभागी कर्मचारीहरुको वीमालाई यथावत राखी नयाँ नियुक्ति हुने कर्मचारी र हाल कार्यरत कर्मचारीहरुको उपनियम (१) मा उल्लेख भए बमोजिमको वीमा गरिनेछ।

१८. **निर्देशन दिने सक्नेः** कोष संचालन सम्बन्धी विषयमा नगर कार्यपालिकाले

समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१९. **अनुगमन तथा रेखदेखः** आर्थिक प्रशासन शाखाले कोष संचालन सम्बन्धी कार्यको अनुगमन तथा रेखदेख गर्नेछ।

२०. **अधिकार प्रत्यायोजनः** यस विनियमावली बमोजिम समितिलाई प्राप्त अधिकार मध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार कुनै उप समिति, कार्यदल वा कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ।

२१. **खारेजी र बचाउः**

१) यस विनियमावलीमा स्पष्ट उल्लेख भए गरेका कुरा यसै विनियमावली बमोजिम र यसले नसमेटेका अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

आज्ञाले,
शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत